# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शिवनाथ गाउँपालिका
## बैतडी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

शिवनाथ गाउँपालिका

बैतडी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शिवनाथ गाउँपालिका

## बैतडी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम, प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ११९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बैतडी।

१. **कैफियत सहितको राय—** हामीले शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.४३ लाख ९४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६७ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १८ लाख, नियमित गर्नुपर्ने रु. १६ लाख ४७ हजार र पेश्की बाँकी रु. ४ लाख ७० हजार समेत रु.४३ लाख २७ हजार रहेको छ ।शिवनाथ गाउँपालिकाको गतवर्ष सम्म रु.१५ करोड २० लाख २० हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु. १ करोड १ लाख ८२ हजार बेरुजु सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु. १४ करोड ६१ लाख ६५ हजार रहेको छ । शिवनाथ गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने शिवनाथ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा- ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी शिवनाथ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

**(पशुपति कुमार काफ्ले)**
**नायब महालेखापरीक्षक**

# शिवनाथ गाउँपालिका

# बैतडी

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७१ | २५ | ४३९४ | ० | ३ | ६७ | ७१ | २२ | ४३२७ | ४१० | १६४७ | १८०० | ० | ० | ३४४७ | ४७० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | १५२०२० | ० | १०१८२ | १४१८३८ | ० | ४३२७ | १४६१६५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | विभिन्न दफाहरू | | ६६८०० |
| | चालु वर्षको जम्मा | | | ६६८०० |
| | गत विगत वर्षतर्फको | | | |
| २ | २०७८।७९ | विभिन्न दफाहरू | | ९९२६३७६ |
| ३ | २०७७।७८ | विभिन्न दफाहरू | | ३४७३२ |
| ४ | २०७६।७७ | विभिन्न दफाहरू | | २९३५५ |
| ५ | २०७४।७५ | विभिन्न दफाहरू | | १९१०९४ |
| | गत विगतको जम्मा | | | १०१८१५५७ |
| | कुल जम्मा | | | १०२४८३५७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय -**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँर्पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ८१.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८०६४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०६ देखि २०८०।०५।०८ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका

लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको प्राप्ति र भुक्तानीको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा देहाय बमोजिम रू ३६०७४२।- असुल भएको छ।

| क्र.स. | व्यहोरा | बैंक भौचर नम्बर | दाखिला मिति | रकम |
|---|---|---|---|---|
| १ | दाखिला गर्न बाँकि राजश्व दाखिला। | ५३०१८४५९ | ०५।२९।२०८० | ५९८४ |
| २ | दाखिला गर्न बाँकि राजश्व दाखिला। | ५३०१८४६० | ०५।२९।२०८० | ४५०० |
| ३ | सामाजिक सुरक्षा लगत कट्टा हुँदा पनि लाभग्राहिको खातामा रकम भुक्तानि हुन गएको रकम दाखिला। | ५३०१८४९३ | ०५।२९।२०८० | ३४७८१ |
| ४ | प्रधानमन्त्रि कृषि आधुनिकिकरण आयोजना अन्तर्गत ५०% लागत सहभागिता कट्टा नभएको रकम दाखिला । | ५३०१८४८७ | ०५।२९।२०८० | १९७०९ |
| ५ | प्रधानमन्त्रि कृषि आधुनिकिकरण आयोजना अन्तर्गत ५०% लागत सहभागिता कट्टा नभएको रकम दाखिला । | ५३०१८४८३ | ०५।२९।२०८० | १९७०९ |
| ६ | न्यु आशिष एग्रोभेटलाई बढी भुक्तानी भएको रकम दाखिला । | ८२२३२०३११२ | ०५।२५।२०८० | ४८००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | निशुल्क पाठ्यपुस्तकको रकम निकासा बाफत विभिन्न विद्यालयलाई गएको बढी भुक्तानि रकम असूली । | | | |
| | | ५३०१८६१४ | ०५।२९।२०८० | १४३३४ |
| | | ५३०१८६२३ | ०५।२९।२०८० | १२०९८ |
| | | ५३०१८५७२ | ०५।२९।२०८० | १६७७९ |
| | | ५३०१८५५० | ०५।२९।२०८० | २२८५४ |
| | | ५३०१८६२६ | ०५।२९।२०८० | ८७५८ |
| | | ५३०१८५०८ | ०५।२९।२०८० | ५५५७ |
| | | ५३०१८५१४ | ०५।२९।२०८० | ५४६७ |
| | | ५३०१८५२३ | ०५।२९।२०८० | २३२३ |
| | | ५३०१८५२६ | ०५।२९।२०८० | १२४३ |
| | | ५३०१८५३० | ०५।२९।२०८० | १०७८ |
| | | ७७३८३८९ | ०५।२९।२०८० | २०४७२ |
| ८ | अनिता कट्रक्सन लाई धरौटी ५% बापत कट्टा नगरी भएको भुक्तानि धरौटी खातामा दाखिला । | १०१०।१०१० | ०५।२९।२०८० | ६४८१७ |
| ९ | रविन्द्र पञ्चेश्वर एण्ड सप्लायर्सको विजक भन्दा बढि भुक्तानि भएको रकम दाखिला । | ५३०१८८६३ | ०५।२९।२०८० | ५००० |
| १० | एस.बि. निर्माण सेवालाई धरौटी ५% बापत कट्टा नगरी भएको भुक्तानि धरौटी खातामा दाखिला । | १४.७।१४२७ | ०५।१५।२०८० | ४१२७९ |

| | | | | |
|---|---|---|---|---|
| ११ | रविन्द्र पञ्चेश्वर एण्ड सप्लायर्सको विजक भन्दा बढि भुक्तानि भएको दाखिला । | ५३०१८८४२ | ०५।२९।२०८० | ६००० |
| | | | जम्मा | ३६०७४२ |

२ **वित्तीय विवरण -** पालिकको आर्थिक वर्ष २०७९।८० को प्रासि र भुक्तानीको विवरण अर्थात म.ले.प.फा.नं. २७२ अनुसार पालिकाको प्रासि र भुक्तानी देहाय अनुसार रहेको छ।

| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | ३७,०९,३४,०३४.३४ | ३३,१४,५२,५१६.८८ | | ३३,१४,५२,५१६.८८ | ३५,४७,२३,५७७.९७ | ७४,००,०००.०० | ३६,२१,२३,५७७.९७ |
| **क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)** | ३६,१७,५८,०००.०० | ३२,६४,६८,४१७.१३ | ०.०० | ३२,६४,६८,४१७.१३ | ३४,९२,९८,४८५.९७ | ७४,००,०००.०० | ३५,६६,९८,४८५.९७ |
| ११००० कर | ७,८९,७७,०००.०० | ६,३९,९७,५७१.७३ | ०.०० | ६,३९,९७,५७१.७३ | ६,०६,५७,९४६.८१ | ०.०० | ६,०६,५७,९४६.८१ |
| १३००० अनुदान | २८,१२,८१,०००.०० | २६,०४,९८,७२०.४० | ०.०० | २६,०४,९८,७२०.४० | २८,६४,०३,२९७.१६ | ७४,००,०००.०० | २९,३८,०३,२९७.१६ |
| संघीय सरकार | २७,०८,६३,०००.०० | २५,०२,७६,५६२.४० | ०.०० | २५,०२,७६,५६२.४० | २७,३८,९९,४२९.१६ | ७४,००,०००.०० | २८,१२,९९,४२९.१६ |
| प्रदेश सरकार | १,०४,१८,०००.०० | १,०२,२२,१५८.०० | ०.०० | १,०२,२२,१५८.०० | १,२५,०३,८६८.०० | ०.०० | १,२५,०३,८६८.०० |
| १४००० अन्य राजस्व | १४,००,०००.०० | १२,१०,१२०.०० | ०.०० | १२,१०,१२०.०० | १९,६०,५७५.०० | ०.०० | १९,६०,५७५.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | १,००,०००.०० | ७,६२,००५.०० | ०.०० | ७,६२,००५.०० | २,७६,६६७.०० | ०.०० | २,७६,६६७.०० |
| ख. अन्य प्राप्ति | ९१,७६,०३४.३४ | ४९,८४,०९९.७५ | | ४९,८४,०९९.७५ | ५४,२५,०९२.०० | | ५४,२५,०९२.०० |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | ९१,७६,०३४.३४ | ३६,७१,०५८.७५ | ०.०० | ३६,७१,०५८.७५ | २८,२२,५००.०० | ०.०० | २८,२२,५००.०० |
| धरौटी | ०.०० | १३,१३,०४१.०० | ०.०० | १३,१३,०४१.०० | २६,०२,५९२.०० | ०.०० | २६,०२,५९२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ४१,३४,०८,६२४.०५ | ३५,३०,८७,४९०.५८ | | ३५,३०,८७,४९०.५८ | ३४,०३,०६,१९५.२४ | ७४,००,०००.०० | ३४,७७,०६,१९५.२४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४०,४२,३२,५८९.७१ | ३४,१८,१५,१६७.०८ | | ३४,१८,१५,१६७.०८ | ३३,३५,१९,०५२.२४ | ७४,००,०००.०० | ३४,०९,१९,०५२.२४ |
| २१००० पारिश्रमिक / सुविधा | १०,२१,५५,७५०.०० | ९,०७,६९,३११.६४ | ०.०० | ९,०७,६९,३११.६४ | ७,५८,३३,०३६.८१ | ४,७५,०००.०० | ७,६३,०८,०३६.८१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १४,७६,५१,२८८.०० | १२,७१,०४,६९३.४४ | ०.०० | १२,७१,०४,६९३.४४ | १४,६३,३०,९८७.४३ | २३,२५,०००.०० | १४,८६,५५,९८७.४३ |
| २७००० सामाजिक सुरक्षा | १४,७०,०००.०० | १३,९६,२५५.०० | ०.०० | १३,९६,२५५.०० | ५८,३९,३७८.०० | ०.०० | ५८,३९,३७८.०० |
| २८००० अन्य खर्च | १९,९९,९६२.०० | १६,९३,६००.०० | ०.०० | १६,९३,६००.०० | १८,०७,१००.०० | ०.०० | १८,०७,१००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १५,०९,५५,५८९.७१ | १२,०८,५१,३०७.०० | ०.०० | १२,०८,५१,३०७.०० | १०,३७,०८,५५०.०० | ४६,००,०००.०० | १०,८३,०८,५५०.०० |
| घ. अन्य भूक्तानी | ९१,७६,०३४.३४ | १,१२,७२,३२३.५० | | १,१२,७२,३२३.५० | ३४,०३,०६,१९५.२४ | ७४,००,०००.०० | ३४,७७,०६,१९५.२४ |
| कोषहरु | ९१,७६,०३४.३४ | ८४,०४,४८८.५० | ०.०० | ८४,०४,४८८.५० | २६,९५,१३७.०० | ०.०० | २६,९५,१३७.०० |
| धरौटी | ०.०० | २८,७८,३१९.०० | ०.०० | २८,७८,३१९.०० | ४०,९२,००६.०० | ०.०० | ४०,९२,००६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१०,४८४.००) | | (१०,४८४.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | (४,२४,७४,५८९.७१) | (२,१६,३४,९७३.७०) | | (२,१६,३४,९७३.७०) | १,४४,१७,३८२.७३ | | १,४४,१७,३८२.७३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५,२२,८०,८६६.३० | | ५,२२,८०,८६६.३० | ३,४२,७४,१२८.५७ | | ३,४२,७४,१२८.५७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (४,२४,७४,५८९.७१) | ३,०६,४५,८९२.६० | | ३,०६,४५,८९२.६० | ४,८६,९१,५११.३० | | ४,८६,९१,५११.३० |
| बैंक तथा नगद बाकी | | ३,०६,९३,८९२.६० | | ३,०६,९३,८९२.६० | ४,८६,९२,३४७.३० | | ४,८६,९२,३४७.३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **सवारी साधन नविकरण जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष गाउँपालिकाले सवारी साधनको वीमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले जे.सि.बी. , टयाक्टर र मोटरसाईकलको विमा नवीकरण ढिलो गरेकोले जरिवाना बापत रु ४७५४६। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत देखिएको छैन। समयमै सवारी साधनको नवीकरण गराउनुपर्दछ।

| सि नं | विवरण | नविकरण | जरिवाना | जम्मा |
|---|---|---|---|---|
| १ | जे. सि . बी . १वटा | ७२४०० | १४२७१ | ८६६७१ |
| २ | टयाक्टर १वटा मोटरसाइकल ७वटा | ११६६६३ | १८८७५ | १३५५३८ |
| ३ | टयाक्टर १वटा मोटरसाइकल ७वटा | ७६६६० | १४४०० | ९१०६० |
| | जम्मा | २६५७२३ | ४७५४६ | ३१३२६९ |

४ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा पालिका प्रमुख श्री कर्ण सिँह साउदले २०७९।३।१० गते रु.३८ करोड ९५ लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.२ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिम चौमासिक पुँजीगत खर्चको विवरण पेश गरेको छ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| कूल खर्चः | १२०८५१३०७. | ७८१०७६९ | ९९८०८०८ | १०३०५९७३० |
| खर्च प्रतिशत | १०० | ६.४६ | ८.२५ | ८५.२९ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगतरुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च तेश्रो चौमासिकमा मात्र ८५.२९ प्रतिशत खर्च गरेको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.३ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २,२८,६३,३७० | २, ०४,९७, ४५१ | ६ |
| पूर्वाधार विकास | ८, ५३, ०१,७१९ | ६,३३, ५७, ११९ | १८.५३ |
| सामाजिक विकास | १७,३९, १४, ५०० | १५,५९,४२,७३४ | ४५.६२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५६,००,००० | १, ४९,७५,६०९ | ४.३९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,६५,५३,००० | ८, ७०, ४२,२५३ | २५.४६ |
| जम्मा | ४०,४२,३२,५८९ | ३४,१८,१५,१६७ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४५.६२ प्रतिशत, पूर्वाधार विकासतर्फ १८.५३ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ४.३९ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २५.४६ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ६ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। एवम कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको

देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

४.४ **खर्च विश्लेषण —** पालिकाले यस बर्ष कुल आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडबाट रू ६ करोड ५९ लाख ७० हजार, सँघीय सरकार र प्रदेश सरकार अनुदान रू ३० करोड २२ लाख १९ हजार समेत रु ३६ करोड ८१ लाख ८९ हजार समेत आम्दानी भएकोमा चालु तर्फ रु. २२ करोड ९ लाख ६४ हजार, पुँजिगत तर्फ रु. १२ करोड ८ लाख ५१ हजार र समेत रु. ३४ करोड १८ लाख ७५ हजार खर्च गरेको छ। यस बर्ष पदाधिकारी सुविधामा रु. ६२ लाख ७७ हजार खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६४.६४ प्रतिशत चालु र ३५.३६ प्रतिशत मात्र पुँजिगततर्फ खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनको लागि न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरी वजेट खर्चको प्रतिफल लक्षित वर्ग सम्म पुर्याउनु पर्दछ।

४.५ **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | २४ | १९७७५०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २२९ | ४२९४६४९७ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३५ | २०७००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २४ | ४१११६१२३ |
| ५ | ५० लाख भन्दा माथीका | ३ | १७६००००० |
| | जम्मा | ३२७ | १२४३४०१२० |

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **करार कर्मचारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। कार्यालयले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करार भर्ना गरि रु. १३८०२५६२।- खर्च गरेको छ। व्यवस्थापन सर्वेक्षण गरेर मात्र दरबन्दी अनुरुप कर्मचारी पदपुर्ति गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

५.२ **कल्याणकारी कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी एउटा कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै कानून तर्जुमा गरेको छैन। कानूनी व्यवस्थाको पालना हुनुपर्दछ।

५.३ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। गत बर्षको फर्छ्यौट हुन बाँकी मुद्दा १ रहेकोमा यस बर्ष ९ मुद्दा थप भई १० मुद्दा रहेकोमा ७ फर्स्यौट भई बाँकी मुद्दा ३ रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

५.४ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको र अन्यको पालिकाको आन्तरिक लेखापरीक्षकबाट लेखापरीक्षण गराएको छ।

## ६ अनुदान प्राप्ति र फिर्ता

६.१ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस बर्ष खर्च नभई बाँकी रहेको सँघतर्फको रु ९६५९४१७। र प्रदेश तर्फको रु १९५८४२। मिति २०८०।३।२७ मा फिर्ता गरेको विवरण पेश गरेको छ।

६.२ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले विभिन्न स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद लगायतमा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

---

७ **ईन्धनको मापदण्ड -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग गर्न नहुने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी इन्धन खर्च भुक्तानी गर्दा सवारीको लगबुकको आधारमा खर्च गर्नुपर्नेमा लगबुक नराखी अरुण मोहपाल इम्पेक्सलाई रु ३२६२४५९। इन्धन बापत भुक्तानी गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

---

८ **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ति जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु. २४८७२८४। खर्च लेखेको छ। नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

९ **न्यूनतम दररेट -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ। तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन। कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ।

---

१० **डि.पि.आर. खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई रु ९०२८७०। भुक्तानी गरेको छ। कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै कन्सलटेन्टबाट गराएको काम नियमित देखिएको छैन।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम | अध्ययनबाट निर्धारित भएको लागत अनुमान |
|---|---|---|---|---|
| २२।९।२१ | विटकम इन्भाएरोमेन्ट एण्ड इन्जिनियरिंग प्रा.लि. | DPR of Pokhreti lift water supply project ward no ३ | ४५५३९० | ७०६९८०६ |
| २३।७।२१ | आशिका रिसर्च एण्ड कन्सल्टेन्स प्रा.लि. | DPR of Suleghat lift water supply project | ४४७४८० | ९७१७९६० |
| | | | जम्मा ९०२८७० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नुको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

११ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यो बर्ष यस स्थानीयतहले रु.२७९०६८९। औषधि खरिद गरेको छ। आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको देखिएन। तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको देखिएन। तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १८ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२९ जनालाई रोजगारी उपलब्ध गराई रु.८२२८०२०।खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको

छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

---

१३ **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ७ वटा ऐन, ५ वटा नियमावली, २८ वटा कार्यविधि, ६ वटा निर्देशिका लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । आवश्यक्ता अनुसार कानून तर्जुमा र कार्यान्वयन हुनुपर्दछ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षकबाट तलबी प्रतिवेदन पारित गरी खर्च लेखेको पाइयो।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- विपद व्यवस्थापन कोषबाट स्वीकृत निर्देशिकाको पालना वेगर पालिका प्रमुखको तोकादेशबाट रकम वितरण गरेको,
- निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- वितरणमूखी कार्यक्रम संचालन गरेको,
- पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,
- टुक्रे योजनालाई प्राथमिकता दिएको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,
- कार्यालयबाट पटक पटकरुपमा विभिन्न दररेटमा गाडी भाडा खर्च लेखेको
- उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,
- अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,
- जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएको कैफियतको सम्बोधन नगरेको
- जिन्सी दाखिला गर्दा पूर्णरुपमा स्पेशिफिकेसन खुलाई दाखिला नगरेको
- सवै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,

- उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१४ **सवारी साधन मर्मत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ति जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी मोटरसाइकल मर्मत बापत भनी रु.६६७२००। खर्च लेखेको छ। मर्मत आदेश बेगर मर्मत गरेको सवारी साधनको खर्च भुक्तानी भएकोले नियम विपरित खर्च भएको देखिन्छ। यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

| सि नं | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| १ | मोटरसाईकल | स्टार वर्क सप | ३४५३९० |
| २ | मोटरसाईकल | स्टार वर्क सप | ८५०१० |
| ३ | मोटरसाईकल | राधिका टेड्रस | २३६८०० |

१५ **भ्रमण खर्च -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ वमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा अपनाउनु व्यवस्थाहरु उल्लेख गरिएको छ। भ्रमण आदेश स्वीकृत भएको ३५ दिन भित्र भ्रमण खर्च विलको रकम भुक्तानी लिई सक्नुपर्दछ। गाउँपालिकाले विभिन्न मितिको भ्रमण भत्ता एकैचोटी भुक्तानी भएको देखिन्छ। तसर्थ भ्रमण आदेश स्वीकृत भएको ३५ दिनभित्रको मात्र भ्रमण खर्च रकम भुक्तानी दिनुपर्दछ। साथै भ्रमण प्रतिवेदनमा अधिकांश कर्मचारी र पदाधिकारीले कुन कुन उदेश्यले भ्रमणमा खटिएको हो र के के कामहरु गरेको हो सो को स्पष्ट विवरण भरेको देखिदैन। अत स्पष्ट प्रयोजन र उदेश्य बेगर अधिकांश ७ दिनको समयावधि राखि भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

१६ **ईन्धन खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। इन्धन खर्च भुक्तानी गर्दा सवारीको लगबुकको आधारमा खर्च गर्नुपर्नेमा लगबुक नराखी अरुण मोहपाल इम्पेक्सलाई रु ३२६२४५९। इन्धन बापत भुक्तानी गरेको छ। लगबुक राखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१७ **अनुगमन खर्च** - गाउँपालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुले आर्थिक वर्षको अन्त्यमा आर्थिक वर्ष २०७९।८० मा संचालित योजनाहरुको विभिन्न मितिहरुमा गरेको अनुगमन बापतको अनुगमन समितिको बैठक भत्ता उल्लेख गरी रु ३०१७५०। खर्च गरेको छ। विभिन्न योजनामा अनुगमन गरेकोमा विहान बेलुका बैठक बसेको भनी लागत अनुमान अनुसार निरीक्षण गरेको र कार्य सन्तोषजनक भएको भनी अनुगमन समितको बैठक भत्ता भनी खर्च लेखेको छ। अनुगमन गर्ने जिम्मेवार पदाधिकारीले अनुगमन सम्बन्धी बैठक बसेको समेत भत्ता खर्च लेख्नु नियमसम्मत देखिएन। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

१८ **राजस्व**

१८.१ **सेवा प्रवाह र आम्दानी** - पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश नगरेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

१८.२ **वन पैदावार** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ।

१९ **वडाको बिबिध र बैठक खर्च** - गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई विभिन्न मितिमा बिबिध र बैठक खर्च वापत भुक्तानी दिईएकोमा उक्त खर्चमा एकरुपता भएको देखिदैन। तसर्थ विविध खर्चमा मितव्ययिता र एकरुपता ल्याउन विविध खर्च सम्बन्धी कार्यविधि बनाई लागु गर्नुपर्ने देखिन्छ। साथै कुनै वडा कार्यालयहरुको खाना नास्ता तथा अन्य सामानहरुको भरपाईको आधारमा देहाय बमोजिम खर्च लेखेको छ। यस्तो खर्चमा मितव्ययीता कायम हुनुपर्दछ।

| वडा नं | विविध खर्च | बैठक भत्ता |
|---|---|---|
| १ | २४१९३० | १३८००० |
| २ | २५१००० | १३८००० |
| ३ | २२५८८० | १४४००० |
| ४ | २५४२२० | ११४००० |
| ५ | ३१५७६० | १३२००० |
| ६ | २३४००० | १३८००० |
| जम्मा | १५२२७९० | ८०४००० |

२० **प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कानून नबनाई २०७७ पौष ३ को कार्यपालिकाको निर्णयको आधारमा छैठौं तहका प्राविधिक कर्मचारीलाई १९०००।, पाँचौ तहका कर्मचारीलाई रु १५५००। र चौथो तहका कर्मचारीलाई रु १३०००। प्राविधिक भत्ता भुक्तानी गरेको छ। यस बर्ष ९ प्राविधिक कर्मचारीले रु ८९९०९०। प्राविधिक भत्ता बुझेको छ । पालिकाको आन्तरिक आय श्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार पर्न जाने देखिएकोले प्रोत्साहन भत्ता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१ **पेश्की**

२१.१ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौंट गर्नुपर्ने व्यवस्था छ। देहाय बमोजिमको गत बर्षसम्मको रु. ६७३२६६८। र यस बर्षको रु २२७०१९४ समेत रु ९००२८६२। पेश्की फर्छ्यौट हुनुपर्दछ।

| सि. नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भुमिराज आ. वि. फर्निचर घेरवार | श्री भूमिराज आधारभुत विद्यालय | ६६,०००.०० |
| २ | विद्यालय कक्षाकोठा निर्माण अनुदान ( २ कोठे तथा ४ कोठे भवन ) | केदारनाथ आधारभुत बिद्यालय | ५, ९४, ००० |
| ३ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | नागार्जुन माध्यमिक बिद्यालय | ३५,७१,००० |
| ४ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | नागार्जुन माध्यमिक बिद्यालय | २९,००० |
| ५ | डोसेरा गाड हिरापुर झो.पु. वडा नं ६ , बालि खोला झो. पु. वडा नं १ , गनागाड फेल्टा , मटेला गाड , बगार र सेला कोपारे झो . पु , शिवनाथ गाउँपालिका , बैतडी | श्री त्रिवेणी स्वस्थ वातावरण समुह | ३,१९,१३० |
| ६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वधार विकासको लागी अनुदान | श्री हिरापुर माध्यमिक विद्यालय | १८,२७,००० |
| ७ | डोसेरा गाड हिरापुर झो . पु . वडा नं ६ , बालि खोला झो . पु वडा नं १ , गनागाड फेल्टा , मटेला गाड , बगार र सेला कोपारे झो.पु, शिवनाथ गाउँपालिका , बैतडी | श्री त्रिवेणी स्वस्थ वातावरण समुह | ४, ७०,१९४ |
| ८ | विद्यालय कक्षाकोठा निर्माण अनुदान ( २ कोठे तथा ४ कोठे भवन ) | पिपलकोट माध्यामिक विद्यालय | १८, ००, ००० |
| ९ | तल्लि कुकुडी गाड सिचाईकुलो निर्माण | तल्ली कुकुडीगाड सिचाईकुलो निर्माण | ९९,००० |
| १० | सुरक्षित नागरिक आवस कार्यक्रम ( ५२ ) | नरि राम तिर्वा | २५,८४६ |
| ११ | घर मर्मत - मुक्त हलिया पुनस्थापना कार्यक्रम | मनि कोलि | ७५,००० |
| १२ | सुरक्षित नागरिक आवास कार्यक्रम - थप बजेट | रति पार्की | २५,८४६ |

| | | | |
|---|---|---|---|
| १३ | सुरक्षित नागरिक आवास कार्यक्रम - थप बजेट | रमेश सिंह साउद | २५,८४६ |
| १४ | घर मर्मत - मुक्त हलिया पुनस्थापना कार्यक्रम | सुरेश राम सुनी | ७५,००० |
| | | जम्मा | ९००२८६२ |

२१.२ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यस वर्ष देहाय बमोजिमको रु ४७०१९४। म्याद नाघेको पेश्की फर्छ्यौट हुनुपर्ने रु.

| मिति | विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| २०७९/०६/०७ | डोसेरागाड हिरापुर झो.पु. वडानं.६, बालिखोला झो.पुवडानं.१, गनागाडफेल्टा, मटेलागाड, बगार रसेलाकोपारे झो.पु, शिवनाथ गाउँपालिका, बैतडी | श्री त्रिवेणी स्वास्थ्य वातावरण समुह | ४,७०,१९४ |

| | |
|---|---|
| पेश्की | ४,७०,१९४ |

२२ **आर्थिक सहयोग** - सार्वजनिक खर्चमा प्रभावकारिता र मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७५ ले सरकारी खर्चमा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले विपन्न नागरिक सहायत कोषबाट १४० जनालाई रु १०४२०००। र प्रकोप व्यवस्थापन कोषबाट २१९ जनालाई रु ३३८५३८४। समेत रु ४४२७३८४। विभिन्न व्यक्तिहरुलाई तथा सँस्थालाई आर्थिक सहयोग गरेको पाइयो। यस प्रकारको खर्चमा कार्यविधि तर्जुमा गरी व्यवस्थित गर्ने र मितव्ययिता कायम गर्नुपर्दछ।

२३ **विपद् व्यवस्थापन**

२३.१ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको छ। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।

२३.२ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

२३.३ **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाको प्रकोप व्यवस्थापन कोषतर्फ विगतको अ ल्या रु २०८६९३६।५९ रहेकोमा यस वर्ष रु २००००००। थप भएकोमा रु ३८७६६५७। खर्च भई रु २१०२७९।५९ मौज्दात रहेको देखिन्छ।

२३.४ **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। शिवनाथ गाउँपालिकाको विपद व्यवस्थापन कोष परिचालन निर्देशिका २०७५ जारी गरेकोमा निर्देशिकाको पूर्ण पालना वेगर पालिका प्रमुखको तोक आदेशको आधारमा वितरणमुखी खर्च गरेको छ। कार्यविधिको पालना हुनुपर्दछ।

## २४ वित्तीय विवरण

२४.१ **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रु.८००१३१४९— SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।

२४.२ **बैक हिसाब मिलान** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। मलेप फा. नं. २७२ अनुसार यस वर्षको श्रेस्ता तथा बैक मौज्दात देहाय बमोजिम रहेको छ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. |
|---|---|---|---|---|
| नेपाल एसबिआई बैंक लि. | ४१८९५२४१२० ७००४ | ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| नेपाल एसबिआई बैंक लि. | ४१८९५२४१२० ७००५ | ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| नेपाल एसबिआई बैंक लि. | ४१८९५२४१२० ७००६ | ग१.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ००१० | ग२.२, चालूखर्चखाता-जोरवर्ष | ०.०० | ०.०० |
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ००११ | ग२.४, पुँजीगतखर्चखाता-जोरवर्ष | ०.०० | ०.०० |
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ०००८ | ग२.७, विविधखर्चखाता | ३,०३,३२७ | ३,०३,३२७ |
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ०००३ | ग३.१, स्थानीय तह धरौटी खाता | ३४,८८,२८७ | ३४,८८,२८७ |
| नेपाल एसबिआई बैंक लि. | ४१८९५२४१२० ७००२ | ग४.१, स्थानीयतह सञ्चितकोषखाता | २,६३,७४,७३९ | २,६३,७४,३३३ |
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ०००७ | ग७.१, स्थानीय तह आकस्मिक कोष खाता | २,५८,७७५.०० | २,५८,७७५ |

| | | | | |
|---|---|---|---|---|
| नेपाल एसबिआई बैंक लि. | ४१८२५२४०६० ०००९ | ग७.२, प्रकोप व्यवस्थापन कोष खाता | २,२०,७६३ | २,२०,७६३ |
| | | जम्मा | ३,०६,९३,८९२ | ३,०६,४५,८९२ |

२४.३ **जिम्मेवारी फरक परेको** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। म.ले.प.फा.नं.२७२ अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु ४८६९१५११.३० रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु ५२२८०८६६.३०सारेको देखियो। जसअनुसार रु. ३५८९३५५.०० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ। साथै गत वर्षको मलेप प्रतिवेदनमा मौज्दात बाँकी रु ४८६८७०१०। देखाएकोमा यस बर्ष पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु ४१७२१४८९। उल्लेख गरेको छ। यसरी फरक फरक जिम्मेवारी सारेकोमा हिसाब मिलान विवरण पेश गरेको छैन। यस सम्बन्धमा पालिकाले एकिन गरी हिसाब चुस्त र दुरुस्त राख्नुपर्दछ।

२५ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ।

## २६ कर दस्तुर एवं आन्तरिक आय

२६.१ **स्रेस्ता तथा अभिलेख** - पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन। स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ति कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन। तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाई आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ।

• म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता

• म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)

- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता

म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

---

२६.२ **नगदी रसिदको प्रयोग**- यस पालिकाले यस आ ब मा तीन प्रकारका ९२ थान नगदी रसिद प्याड प्रयोग गरी बिभिन्न वडाबाट कुल रु १६६९८६६। असुल गरी राजश्व दाखिला गरेको उल्लेख छ।

| क सं | नगदी रसिद विबरण | छापिएको थान | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | नगदी रसिद | ६० | ५३ | ७ |
| २ | घरकर रसिद | २० | २० | ० |
| ३ | मालपोत रसिद | २० | १९ | १ |
| | जम्मा | १०० | ९२ | ८ |

कुल ९२ थान प्याड प्रयोग गरी उक्त रकम असुल गरेको भनेता पनि नगदी रसिदगत आम्दानीको अभिलेख तयार गरी राखेको पाइएन । त्यस्तै गत बर्षको बाँकी नगदी रसिद यस बर्ष प्रयोग भए नभएको खुलाएको छैन। यस सम्बन्धमा पालिकाबाट सबै नगदी रसिदको अभिलेख अद्यावधिक गरी उक्त रसिदबाट अशुल गरेका सबै आय समयमै बैक दाखिला भएको सुनिश्चितता हुने व्यबस्था हुनु पर्दछ ।

---

२६.३ **असुल गर्न बाँकी राजस्व** - पालिकाले JCB र टेक्ट्रर भाडामा लगाए वापत देहाय बमोजिमका व्यक्तिहरुबाट भाडा असुल गर्न बाँकी रहेको देखिएको छ। यसरी समयमा भाडा भुक्तानी नगर्ने उपर ब्याज र जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ।

| क स | साधनको नाम | असुल गर्नुपर्ने व्यक्तिको नाम | असुल गर्न बाँकी रकम |
|---|---|---|---|
| १ | टेक्ट्रर | हरिश धनाडी वडा नं ४ वडा कार्यालय | ७४००० |
| २ | टेक्ट्रर | राजेन्द्र कलौनी | ४००० |
| ३ | टेक्ट्रर | जिवन बिष्ट | १२४०० |
| ४ | टेक्ट्रर | दल बहादर शाह वडा नं ३ | ३७५०० |

| | | | |
|---|---|---|---|
| ५ | टेक्ट्रर | तपेन्द्र राना | २१००० |
| ६ | JCB | महेश थापा | ४९२५० |
| ७ | JCB | भुमिराज हरित पार्क १ जगदिश राम सुनी | ४०००० |
| ८ | JCB | हरिश धनाडी वडा नं ४ वडा कार्यालय | १०२५० |
| ९ | JCB | पदम सिह साउँद | ८००० |
| १० | JCB | बिक्रम धनाडी | ४००० |
| ११ | JCB | दिपक चन्द | १६००० |
| १२ | JCB | शर्माली मन्दिर | १६००० |
| १३ | JCB | सुरेन्द्र सिह साउद २ नं अध्यक्ष | २२८०० |
| १४ | JCB | खोलादेउ जाने बाटो | ४४००० |
| १५ | JCB | कैलपाल बर्थिङ सेन्टर | ८००० |
| १६ | JCB | शर्माली ढुङ्गा खानी | ६८०० |
| १७ | JCB | खेलकुद मैदान ग्याविन फाउन्डेशन | ६००० |
| | | जम्मा | ३८०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८०,००० |

२६.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| घर बहाल कर | | ५९३५० |
| घरजग्गा कर | | ८१९०० |
| बेरुजु | | ७६२००५ |

| | | |
|---|---|---|
| बोलपत्र बिक्रि | | ७०००० |
| सिफारिस दस्तुर | | २०७८२० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | | ८८१५० |
| नाता प्रमाणित दस्तुर | | २९१५० |
| भूमिकर मालपोत कर | | २१३८९९ |
| समूह दर्ता नवीकरण | | ६४०० |
| एम्बुलेन्स भाडा शुल्क | | २०३००० |
| जे सी बी भाडा शुल्क | | ९७५०० |
| ठेक्काबाट प्राप्त आय | | ३५१६७५ |
| ट्रेक्टर भाडा शुल्क | | ४२४८५० |
| आवेदन दस्तुर | | ४३००० |
| खोटो सँकलन दस्तुर | | १७२९६५ |
| व्यवसाय रजिस्टेसन दस्तुर | | ४०२५० |
| अन्य कर | | २२४२३८ |
| जम्मा | | ३०७६१५२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। यस्तो अवस्थामा प्राप्त हुनुपर्ने र प्राप्त भएको राजश्व सम्वन्धमा बिश्लेषण गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

२६.५ **राजस्व दाखिलामा विलम्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। तर अधिकाँश वडा सचिवहरुले २/३ महिनापश्चात् मात्र दाखिला गर्ने गरेको अवस्था छ। नियमको कडाइका साथ पालना हुनुपर्दछ।

२६.६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा सोको लगत राखेको पाइएन। गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन। पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ।

## २७ पदाधिकारी सुविधा

२७.१ **पदाधिकारी सुविधा** - सुदूरपश्चिम प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेकको दफा ३ को अनुसूची-१(क) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ। कार्यालयले यस वर्ष ३४ पदाधिकारी र सदस्यहरुलाई २०७९ श्रावण देखी २०८० आषाढ मसान्तसम्मको रु.६२७७०००।०० सुविधा भुक्तानी दिएको छ।

२७.२ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२६९०४२२। खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

२७.३ **सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाँग्रे सवारि साधन खरिदमा रु. ६७५५६१। खर्च गरेका छन्। यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ।

२८ **कोभिड–१९ तर्फ** - आ.व २०७९।८० को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

| क.सं | कार्यक्रम | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन ब्यवस्थापन खर्च (पालिकास्तरिय योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण) | १९८००० | १९४६०० | स्वास्थ्य |
| २ | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | २५००० | २५००० | स्वास्थ्य |

| | | | | |
|---|---|---|---|---|
| ३ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४००००० | ३६३१७५ | शिक्षा |
| | जम्मा | ६२३००० | ५८२७७५ | |

जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष यो जिल्लामा कोभिड १९ को १०३९५ परीक्षण गरेकोमा ६२ केसहरु मात्र पोजेटिभ रहेको उल्लेख छ । २०७९।८० मा कोभिडको प्रभाव न्यून रहेको अवस्थामा कोभिड अन्तर्गत विभिन्न शिर्षकमा खर्च लेख्नु उपयुक्त देखिएन ।

२९ **सामाजिक सुरक्षा निकासा** - यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ६ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. १९०५०३१६.००, दोस्रो त्रैमासिकमा रु. २०१४८६२३.०० तेस्रो त्रैमासिकमा रु. २००८५६६६.०० र चौथो त्रैमासिकमा रु. २०२६५५४४.०० गरी जम्मा रु. ७९५५०१४९.०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२९.१ **अभिलेख** — सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको नागरिकता नम्बर जस्तो महत्वपूर्ण अभिलेख नराखि यस वर्ष १०००६ जनालाई चार किस्ताको रु. १६३३४८८५.०० भत्ता वितरण गरेको छ। यस तर्फ पालिकाले ध्यान दिई सबै लाभग्राहीको नागरिकता नम्बर सहितको अनुसूचीमा उल्लेख भएको विवरण अद्यावधिक गर्नुपर्दछ।

२९.२ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

२९.३ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। कार्यविधिले तोके बमोजिमको अनुगमन हुनुपर्दछ।

३० **बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ -** महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को कार्यविधि न १५ मा अनुदान पाउने सहकारी समुहको अनुगमन स्थानीय तहको अनुगमन समितिले गर्ने उल्लेख छ। गो भौ नं २९८।२०८०।२।३२ मा सिर्जनशील महिला कृषक समूहलाई प्रति कृषक रु २५०००। का दरले रु ६२५०००। भुक्तानी गरेको छ। संलग्न निर्णयानुसार कृषकले कुखुरा पालन र बाख्रा पालनको प्रतिबद्धताअनुसार उक्त रकम भुक्तानी गरेको देखिन्छ। कार्यविधिले तोके बमोजिमको स्थानीय तहको अनुगमन समितिले अनुगमन गरेको देखिएन। तसर्थ सम्बन्धित लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरेको अनुगमन गरी सोको प्रभावकारिता सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

३१ **कृषि कार्यक्रम तर्फ -** गो भौ नं ३९५।२०८०।३।१३ बाट महाकाली सेती भेटनरी मेडिकल स्टोरलाई नश्ल सुधार कार्यक्रमका लागि कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने सामाग्रीहरु Mother container ३५ lt, AI Gun, Scissor, Artiforecep लगातयका सामाग्रीहरु खरिद गरी रु २२५०००। भुक्तानी गरेको छ। उक्त कार्यको लागि पालिकामा जनशक्ति उपलब्ध नरहेको एवम सो कार्य लेखापरीक्षण अवधिसम्म सञ्चालन भएको देखिँदैन। तसर्थ विद्यमान जनशक्तिलाई उक्त कार्यसँग सम्बन्धित तालिम उपलब्ध गराइ सेवा सञ्चालन गर्नुपर्दछ।

३२ **लघु उद्यम विकास कार्यक्रम तर्फ**

*✂.........(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०/१२/२३ को निर्णयबाट रु. ६६८०० सम्परीक्षण गरिएको।)*

३३ **शिक्षा तर्फ - यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् -**

३३.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

३३.२ **राष्ट्रपत्ति शैक्षिक सुधार -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७८।१२।१५ गतेको परिपत्रको बुदा नं ४ कार्यक्रम कार्यान्वयन अवस्थाको प्रगति विवरण सम्बन्धित विद्यालयले तयार गरी प्रत्येक महिनाको अन्त्यमा स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहबाट नियमित अनुगमन गरी त्रैमासिक कार्यप्रगति शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्ने उल्लेख छ। इकाइले जिल्ला भित्र सञ्चालित कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तयार गरी शिक्षा तथा मानव स्रोत

विकास केन्द्रमा पठाउनु पर्नेछ। पालिकाले पिपलकोट माध्यामिक विद्यालयलाई २ कोठे भवन निर्माणको लागि राष्ट्रपत्ति शैक्षिक सुधार अनुदानको रुपमा रु १८००००० । निकासा गरेकोमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन। सो रकम उदेश्य अनुरूप खर्च भए नभएको सम्बन्धमा अनुगमन गरी सोको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००,००० |

३३.३ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी संभाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत रहेका ३४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी विवरण | | | | पदपुर्ती विवरण | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी | स्थायी | राहत | करार | निजी | | |
| १ | श्री नागार्जुन मा.वि., शर्माली, शिवनाथ-२ | ९ | २ | १० | ५ | ९ | २ | १० | ५ | १०५७ | १:४१ |
| २ | श्री पिपलकोट मा.वि., लोजनी, शिवनाथ-४ | २ | ८ | १ | २ | २ | ८ | ० | २ | ३७० | १:३१ |
| ३ | श्री हिरापुर मा.वि., बसेडी, शिवनाथ-६ | ३ | ३ | | ५ | ३ | ३ | | ५ | २५२ | १:२३ |
| ४ | श्री शारदा मा.वि., कुंड मटेला, शिवनाथ-१ | ३ | ३ | १ | ३ | ३ | ३ | १ | ३ | ३८६ | १:३९ |
| ५ | श्री चन्द्रदेवल मा.वि., स्वलपला, शिवनाथ-४ | ३ | २ | | ४ | ३ | २ | | ४ | ४०० | १:४४ |
| ६ | श्री उदय मा.वि., कफाडी, शिवनाथ-५ | ३ | | | ५ | ३ | | | ५ | २२६ | १:२८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री श्रीपुर मा.वि., पुडिल बछला, शिवनाथ-३ | २ | १ | २ | ५ | २ | १ | २ | ५ | ५१६ | १:५२ |
| ८ | श्री भगवती आ.वि., तेर्छाबाटा, शिवनाथ-१ | | | २ | ६ | | | १ | ६ | २४५ | १:३५ |
| ९ | श्री जिम्मेश्वर आ.वि., बसेडी, शिवनाथ-६ | | २ | १ | ४ | | २ | १ | ४ | ३०९ | १:४४ |
| १० | श्री कृष्ण आ.वि., कानली, शिवनाथ-६ | २ | २ | | ३ | २ | २ | | ३ | १५३ | १:२२ |
| ११ | श्री नागार्जुन आ.वि., कुंड, शिवनाथ-१ | | २ | | ६ | | २ | | ६ | २२२ | १:२८ |
| १२ | श्री शिवपुर्ण आ.वि., लामाखाली, शिवनाथ-५ | २ | २ | | ५ | २ | २ | | ३ | २६० | १:३७ |
| १३ | श्री युवावर्ष आ.वि., बस्कोटी, शिवनाथ-२ | २ | १ | १ | ३ | २ | १ | १ | ३ | ३६० | १:५१ |
| १४ | श्री केदारनाथ आ.वि., पौंखर, शिवनाथ-२ | १ | | १ | २ | १ | | १ | २ | १३० | १:३३ |
| १५ | श्री भर्राभवानी आ.वि., बण्ड, शिवनाथ-१ | | | | | | | | | १४१ | १:० |
| १६ | श्री भवानीपुर आ.वि., कोपरे, शिवनाथ-४ | | | २ | २ | | | २ | २ | १०२ | १:२६ |
| १७ | श्री भुमिराज आ.वि., फट्केढुङ्गा, शिवनाथ-२ | | २ | | ३ | | २ | | ३ | १८३ | १:३७ |
| १८ | श्री गंगेश्वर आ.वि., मकैल, शिवनाथ-४ | १ | | २ | १ | १ | | २ | १ | १०९ | १:२७ |
| १९ | श्री गर्भेश्वर आ.वि., पोखरेटी, शिवनाथ-३ | | २ | | १ | | २ | | १ | ५६ | १:१९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री कैलपाल आ.वि., खकलाई, शिवनाथ-५ | २ | | | २ | २ | | | २ | १०३ | १:२६ |
| २१ | श्री केदारनाथ आ.वि., सकरा, शिवनाथ-३ | | २ | | २ | | २ | | २ | ५८ | १:१५ |
| २२ | श्री खम्पाल आ.वि., बगार, शिवनाथ-४ | | १ | | २ | | १ | | २ | ४४ | १:१५ |
| २३ | श्री महाकाली आ.वि., कुस्मौत, शिवनाथ-१ | | | | | | | | | ९० | १:० |
| २४ | श्री नवदर्गा आ.वि., कुङ्गेफाटा, शिवनाथ-४ | | २ | | २ | | २ | | २ | १४९ | १:३७ |
| २५ | श्री निर्पालदेव आ.वि., पोखरा, शिवनाथ-२ | १ | १ | | ३ | | १ | १ | ३ | २३० | १:४६ |
| २६ | श्री शारदा आ.वि., कुलाकोट, शिवनाथ-५ | | | | | | | | | ७८ | १:० |
| २७ | श्री सरस्वती आ.वि., बोडब्या, शिवनाथ-१ | | | १ | ३ | | | १ | ३ | ११८ | १:३० |
| २८ | श्री शंकरपुर आ.वि., दन्नी, शिवनाथ-५ | | | १ | २ | | | १ | २ | ८६ | १:० |
| २९ | श्री शिद्धनाथ आ.वि., खालखोपेरे, शिवनाथ-२ | | २ | | २ | | २ | | २ | ७२ | १:० |
| ३० | श्री नुवाकोट आ.वि., विनपते, शिवनाथ-५ | | | १ | १ | १ | | १ | १ | ५० | १:० |
| ३१ | श्री राजपुर आ.वि., साउगडा, शिवनाथ-३ | | | | | | | | | ६४ | १:० |
| ३२ | श्री लाटेश्वर आ.वि., लिखाडी, शिवनाथ-४ | | | | २ | | | | २ | ३६ | १:० |
| ३३ | श्री त्रिवेणी आ.वि., तुडी, शिवनाथ-१ | | | | | | | | | ५८ | १:० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | श्री सरस्वती आ.वि., दुबला, शिवनाथ-१ | | | | | | | | | ५१ | १:० |
| | जम्मा | ३६ | ४० | २६ | ८६ | ३६ | ४० | २५ | ८४ | ६७६४ | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:१५ देखि १:५२ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

३३.४ **विड वन्ड जफत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५७(१) मा सार्वजनिक निकायले खरिदको प्रकृति अनुसार सबै बोलपत्रदातालाई समान रुपले लागू हुने गरी स्वीकृत लागत अनुमान रकमको दुई देखि तीन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आह्वानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१(१ग) मा छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरिद सम्झौता नगरेमा बोलपत्र जमानत जफत गर्नुपर्ने व्यवस्था छ। पालिकाले २६ हजार थान स्यानिटरी प्याड खरीदको लागि २०८०।१।१३ मा सूचना प्रकाशन भई २०८०।२।३ मा सबैभन्दा कम कबोल गर्ने Jasmine Hygiene products pvt ltd सँग मूअकर बाहेक रु ६२११४१।मा सम्झौता गरी निज सँग आशयको सूचना प्रकाशन गरेकोमा २०८०।२।१० मा ७ दिनभित्र पर्फर्मेन्स ग्यारेन्टी रु २३४५१६। जम्मा गरी सम्झौताको लागि आव्हान गरेकोमा उक्त पार्टी सम्झौता गर्न नआएको उल्लेख गरी दोश्रो कम कबोल गर्ने BG Trade and suplierss सँग रु ७९५५२०।मूअकर समेत २०८०।३।३१ मा सम्झौता गरेको छ । नियमानुसार सम्झौता गर्न नआउने Jasmine Hygiene products pvt ltd को Bid security रु ३००००। जफतको लागि Prabhu bank Biratnagar Branch मा २०८०।२।२५ मा पत्राचार गरेकोमा लेखापरीक्षण अवधि २०८०।५।७ सम्म उक्त रकम जफत गरेको नदेखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु .

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

३३.५ **शिक्षकको तलब भत्ता —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९

का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरुमा ८४ जना पालिका शिक्षक नियुक्त गरी राजस्व बाँडफाँडबाट रु. २०६७८८३३.०० तलब भत्ता भुक्तानी गरेको देखिएको छ।

---

३३.६ **शुन्य दरबन्दी —** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।शिक्षा तथा मानवश्रोत विकास केन्द्रद्धारा जारी समायोजन कार्यान्वयन निर्देशिका, २०७० मा न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत ३४ वटा विद्यालय रहेकोमा तपशिलबमोजिमका ६ वटा विद्यालयमा शुन्य दरबन्दी रहेको देखियो। जसले गर्दा नियमित पठनपाठनमा समस्या परेको देखिन्छ। पालिकाले शिक्षकको दरबन्दी, पदपुर्तिको अवस्था र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन तर्फ ध्यान दिनुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | शुन्य दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री भर्राभवानी आ.वि., बण्ड, शिवनाथ-१, बैतडी | ० | १४१ | १:०० |
| २ | श्री महाकाली आ.वि., कुस्मौत, शिवनाथ-१, बैतडी | ० | ९० | १:०० |
| ३ | श्री शारदा आ.वि., कुलाकोट, शिवनाथ-५, बैतडी | ० | ७८ | १:०० |
| ४ | श्री राजपुर आ.वि., साउगडा, शिवनाथ-३, बैतडी | ० | ६४ | १:०० |
| ५ | श्री त्रिवेणी आ.वि., तुडी, शिवनाथ-१, बैतडी | ० | ५८ | १:०० |
| ६ | श्री सरस्वती आ.वि., दुबला, शिवनाथ-१, बैतडी | ० | ५१ | १:०० |
| जम्मा | | ० | ४८२ | |

---

३४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पूँजी सृजना नहुने

खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा टेवा नपुग्ने, उत्पादन वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न खेलकुद लगायतका कार्यक्रमलाई पूँजीगत शीर्षकबाट रु.१२५६१३० भुक्तानी गरेको अनियमित देखिएको रु.

| सि.नं. | गो.भौ.नं.र मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | १२।२०७९-०६-२८ | खेलकुद प्रतियोगिता कार्यक्रम | २५००० |
| २ | १३।२०७९-०६-३० | तिज बिशेष डेउडा प्रतियोगिता | ७०००० |
| ३ | १९।२०७९-०७-१८ | खेलकुद प्रतियोगिता | १००००० |
| ४ | ३१।२०७९-१०-२३ | खेलकुद प्रतियोगिता | १५०००० |
| ५ | ३३।२०७९-१०-२३ | भलिवल प्रतियोगिता | १००००० |
| ६ | ३८।२०७९-१०-२३ | शैक्षिक सुधारको कार्यक्रमको | १५०००० |
| ७ | ३३१।२०८०-०३-०८ | स्वास्थ्य तर्फको कार्यक्रम | १००००० |
| ९ | ३४४।२०८०-०३-११ | कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन खर्च | २०७१५५ |
| १० | ३४५।२०८०-०३-११ | हाजिरी जवाफ कार्यक्रम संचालन | १२४००० |
| ११ | ३९६।२०८०-०३-१८ | शैक्षिक सुधारको कार्यक्रमको | १८१९७५ |
| १२ | ४०८।२०८०-०३-१९ | न्यायिक समितीको बैठक भत्ता | ४८००० |
| | | जम्मा | १२५६१३० |

| अनियमित भएको | १२,५६,१३० |
|---|---|

३५ **ठेक्का नं. ०९/SRMUN/WORKS/२०७६-७७ वडा कार्यालय भवन निर्माण -** पालिकाले लागत अनुमान रु.५४४९४३१ भएको वडा कार्यालय भवन निर्माण कार्य सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी वेहडा बाबा निर्माण सेवाको कबोल अङ्क रु ४३४२६८५ (मू.अ.कर समेत) सँग मिति २०७७-०३-०४ मा सम्झौता गरि शुरु सम्पन्न गर्नुपर्ने मिति २०७८।०५।२९ रहेकोमा म्याद थप पश्चात मिति २०७९।१२।३० कायम गरी यसवर्ष रु.११६३५९६ खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन्-

**कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने मिति २०७९।१२।३० रहेकोमा कृषि विकास बैंक लि.को कार्यसम्पादन जमानत नं.०५१२९९२, रु.३७५००० को म्याद २०८०।१२।१३ सम्म मात्र रहेको छ । निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्दछ ।साथै समयमा कार्य सम्पन्न गर्न कार्यालयले पहलकदमी लिनुपर्दछ।

३६ **पाइप खरीद —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।यस बर्ष कार्यालयले देहाय बमोजिमको पाइप वितरण गरेको देखिन्छ । उक्त सामान लक्षित वर्गको मागको आधारमा खरीद गरी जडान भएको सुनिश्चित हुनुपर्नेमा बुझिलिने व्यक्तिहरुको भर्पाई मात्र पेश गरेको छ। आवश्यक्ता तथा मागमा आधारित रही खरीद गरेर उक्त पाइपहरु सम्बन्धित लाभग्राहिले जडान गरेको सुनिश्चित हुनुपर्दछ।

| सि.नं. | गो.भौ.नं./मिति | सामाग्री विवरण | परिमाण | रकम रु. |
|---|---|---|---|---|
| १ | २५२।२०८०-०२-२८ | H.D.P.pipe P.N.१६ (D.N.२०) | ८९०० मि. | ५३०५०७ |
| | | H.D.P.pipe P.N.१२ (५D.N.S.) | ६००० मि. | ४६९१०८ |
| २ | ३१३।२०८०-०३-०७ | ६३ mm P.N.६ | ३०० मि. | ८९७२९ |
| | | | जम्मा | १०८९३४४ |

३७ **वितरणमुखी कार्यक्रम —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुजिगत कार्यक्रम तयार गर्नुपर्दछ। यो वर्ष देहाय अनुसार वितरणमुखी कार्यक्रम तयार

गरेको देखियो। यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन्। प्रतिफलजन्य कार्यक्रम तर्जुमा गरी वितरणमुखी खर्च नियन्त्रण गरिनु पर्दछ।

| सि.नं. | गो.भौ.नं.।मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | ९२।२०८०-०१-०३ | मकै राख्नको लागि एक घर एक पोल | २७५१६० |
| २ | २४२।२०८०-०२-२८ | अदुवा,बेसारको बिऊ वितरण | ७७०४० |
| ३ | २५०।२०८०-०२-२८ | विपन्न नागरिकको लागि झुल वितरण कार्यक्रम | १४९१६० |
| ४ | २७२।२०८०-०२-३२ | दलित उत्थानको लागि बाख्राको पाठा वितरण | १८०००० |
| ५ | २७३।२०८०-०२-३२ | गरिब घरपरिवारको लागि बाख्रा वितरण | ९०००० |
| ६ | ४२।२०७९-१०-२३ | थोपा सिचाई, तरकारीको बिऊ, विजन वितरण | ७४५२५१ |
| ७ | ४३।२०७९-१०-२३ | किसानलाई स्प्रे ट्याङ्की वितरण | ८७५०० |
| ८ | ४४।२०७९-१०-२३ | कृषकलाई सिलफोलिन वितरण | ९९९५०० |
| ९ | २७४।२०८०-०२-३२ | जेष्ठ नागरिकलाई ब्ल्याङ्केट वितरण | ८६८०० |
| १० | २७७।२०८०-०२-३२ | छात्रवृत्ति वितरण | १७१००० |
| ११ | २८७।२०८०-०३-०३ | मकै राख्नको लागि एक घर एक पोल | ५९९५३१ |
| १२ | ३५८।२०८०-०३-१३ | दलित समुदायको लागि सिलाई मेसिन वितरण | १८०००० |
| १३ | ३५९।२०८०-०३-१३ | लक्षित वर्गको लागि सिलाई मेसिन वितरण | १५०००० |
| १४ | ३९०।२०८०-०३-१८ | कृषकलाई सिलफोलिन वितरण | ११६१०० |
| १५ | ३९८।२०८०-०३-१९ | जेष्ठ नागरिकलाई झुल वितरण कार्यक्रम | ९९९५४ |
| १६ | ४४६।२०८०-०३-२२ | दलित समुदायलाई आरन सेट वितरण | ११९८०२ |
| | | जम्मा | ४१२६७९८ |

---

३८ **अनुदानको अनुगमन** — सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहवाट विगतमा संचालित कार्यक्रमहरुको प्रभावकारीता मुल्याङ्कन समेतका आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नुपर्ने तथा आर्थिक कार्यविधि

तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्रमहरुको प्रभावकारीताका लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवस्यक व्यवस्था गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकावाट निम्न कार्यक्रम अन्तगत विभिन्न संस्था समुहलाई कार्यक्रम संचालन अनुदान उपलब्ध गराएकोमा अनुदानको अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन्। कार्यक्रमको उपलब्धि सम्बन्धमा अनुगमन गरी अनुदानको सही सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

| सि.नं. | समूह/व्यक्तिको नाम | कार्यक्रमको नाम | अनुदानको प्रकार | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | व्यक्ति,फर्म र समूहमा २७६ जनालाई वितरण गरेको | बेमौसमी तरकारी उन्नत बीउ वितरण कार्यक्रम | ८० प्रतिशत | २३६६९५ |
| २. | २९ जना व्यक्ति,फार्म र समूह | अदुवा र बेसार वितरण कार्यक्रम | ८० प्रतिशत | ७५८७३ |
| ३. | ८८ जना व्यवसायिक किसानहरुलाई वितरण कार्यक्रम | पोलिहाउस वितरण | ९० प्रतिशत | ९८४५०७ |
| ४. | सुरज पोल्टी फर्म शिवनाथ ४ | कुखुराको खोर सुधार | ५० प्रतिशत | ३०००० |
| ५. | निर्मल पोल्टी फर्म शिवनाथ ४ | कुखुराको खोर सुधार | ५० प्रतिशत | २५००० |
| ६. | प्रशंसा पोल्टी फर्म शिवनाथ २ | कुखुराको खोर सुधार | ५० प्रतिशत | ३०००० |
| ७. | सचिन एण्ड दिपिन कृषि तथा पशुपन्छी पालन बहुउद्देश्य फर्म पोल्टी फर्म शिवनाथ ३ | कुखुराको खोर सुधार | ५० प्रतिशत | २०००० |
| ८. | कालिका पोल्टी फर्म शिवनाथ १ | कुखुराको खोर सुधार | ५० प्रतिशत | ३५००० |
| ९. | भुतलाछापु कृषि तथा पशुपन्छी फोर्म शिवनाथ ५ | कुखुराको खोर सुधार | ५० प्रतिशत | २०००० |
| १०. | कैलपाल पोल्टी फर्म शिवनाथ १ | कुखुराको खोर सुधार | ५० प्रतिशत | ३०००० |
| ११. | भुमिराज पोल्टी फर्म शिवनाथ २ | कुखुराको खोर सुधार | ५० प्रतिशत | २०००० |
| १२. | प्रकास बाखा पालन तथा पोल्टी फोर्म शिवनाथ १ | कुखुराको खोर सुधार | ५० प्रतिशत | ४०००० |
| १३. | प्रगतिशिल बाखा फर्म शिवनाथ ४ | बाखाको खोर सुधार | ५० प्रतिशत | २५००० |

| | | | | |
|---|---|---|---|---|
| १४. | त्रिविणि बस्कोट पशुपन्छी तथा बाखा पालन फर्म शिवनाथ ६ | बाखाको खोर सुधार | ५० प्रतिशत | २०००० |
| १५. | श्रीया बाखा फर्म शिवनाथ ५ | बाखाको खोर सुधार | ५० प्रतिशत | २५००० |
| १६. | समुन्न बाखापालन फर्म शिवनाथ १ | बाखाको खोर सुधार | ५० प्रतिशत | ३५००० |
| १७. | उदयदेव एग्रीकल्चर एण्ड एनिमल वर्ड फर्म शिवनाथ ६ | बाखाको खोर सुधार | ५० प्रतिशत | २०००० |
| १८. | खम्पालन कृषि तथा पशुपन्छी पालन बहुउद्देश्य फर्म शिवनाथ ४ | बाखाको खोर सुधार | ५० प्रतिशत | ३५००० |
| १९. | पवन कृषि तथा पशुपालन बहुउद्देश्य<br>शिवनाथ ४ | बाखाको खोर सुधार | ५० प्रतिशत | ३५००० |
| २०. | मेट्रो पशुपन्छी तथा बाखापालन फर्म | बाखाको खोर सुधार | ५० प्रतिशत | २०००० |
| २१. | मल्लीमड बाखापालन तथा कृषि बहुउद्देश्य फर्म शिवनाथ ६ | बाखाको खोर सुधार | ५० प्रतिशत | २०००० |
| २२. | कैलाश पशुपन्छी पालन कृषि ताथ<br>बहुउद्देश्य फर्म शिवनाथ २ | बङगुरको खोर सुधार | ५० प्रतिशत | ५०००० |
| २३. | पि.एस. कृषि तथा पशुपन्छी पालन<br>बहुउद्देश्य फर्म शिवनाथ १ | बाखाको खोर सुधार | ५० प्रतिशत | २०००० |
| | | | जम्मा | १८५२०७५ |

३९ **कोष ट्रान्सफर —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा स्थानीयतहलाई प्राप्त हुने अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सो प्रयोजनको लागि मात्र खर्च गर्न सक्ने व्यवस्था छ। पालिकालाई प्राप्त समानीकरण अनुदान रकम देहायको विभिन्न कोषमा ट्रान्सफर गरेको

पाईयो। आन्तरिक आयबाट यस प्रकृतिका कोषमा आम्दानी गर्नुपर्नेमा समानीकरण अनुदानबाट कोषमा रकम हस्तान्तरण गरेको देखिन्छ। यसमा सुधार हुनुपर्दछ।

| सि.नं. | गो.भौ.नं./मिति | कोषको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३।२०८० -०१-१९ | विपद् व्यवस्थापन कोष | २०००००० | विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका २०७५ को बुंदा ५ मा कोष रकम ट्रान्सफर गर्न सकिने व्यवस्था नरहेको । |
| २ | ११४।२०८० -०१-१९ | विपन्न नागरिक सहायता कोष | १०००००० | विपन्न नागरिक सहायता कोष कार्यविधि २०७५ मा रकम ट्रान्सफर गर्न सकिने व्यवस्था नरहेको। |
| ३ | ३०४।२०८० -०३-०५ | दुर्घटना बिमा कोष | ८५०००० | दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०८० |
| | | रकम | ३८५०००० | |

४० **ठेक्का नं. ०१/SRMUN/WORKS/२०७६-७७ स्वास्थ्य चौकी भवन निर्माण कार्य -** पालिकाले लागत अनुमान रु.३६९७६९१।०९ भएको स्वास्थ्य चौकी भवन निर्माण कार्य सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी वेहडा बाबा निर्माण सेवाको कबोल अङ्क रु २५३१२७४ (मू.अ.कर समेत) सँग मिति २०७७-०२-११ मा सम्झौता गरि शुरु सम्पन्न गर्नुपर्ने मिति २०७८।०७।२५ रहेकोमा म्याद थप पश्चात मिति २०७९।१२।३० कायम गरि यसवर्ष रु.२२०७१४७७ खर्च गरेको छ । निर्माण कार्य समयमा नै सम्पन्न नभई काम अधुरो नै रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम छन् ।

४०.१ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले उक्त निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने मिति २०७९।१२।३० रहेकोमा कृषि विकास बैंक लि.को कार्यसम्पादन जमानत नं.०५१२९९०, रु.४४५००० को म्याद २०८०।०६।०६ सम्म मात्र रहेको छ। निर्माण कार्य अधुरो नै रहेको अवस्थामा कार्यसम्पादन जमानतको अवधि समेत थप गरिनु पर्दछ। साथै समयमा कार्यसम्पन्न गर्न कार्यालयले पहलकदमी लिनुपर्दछ।

४०.२ **बीमा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ। उल्लेखित अनुसारको निर्माण कार्यमा निर्माण व्यवसायीहरुले बीमा गराएको देखिएन। कार्यालयले निर्माण कार्यको निर्माण अवधि थप गर्दासमेत बीमा गराउने कुनै प्रयास नगरेकोले निर्माणस्थलको जोखिम नियन्त्रण हुन सकेन । अतः बिस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गराउँदा उल्लिखित व्यवस्था अनुसार बीमा गराई निर्माणस्थलमा हुने जोखिम नियन्त्रण गरिनु पर्दछ।

---

४१ **उपभोक्ता समितिको कार्य -** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -

---

४१.१ **उपभोक्ता समिति दर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २९१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.६५६२३९९७। भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

---

४१.२ **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सिचाई लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| क्र.सं. | गो.भौ.नं./मिति | उ.स.को नाम | निर्माण कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३३७।२०८०-०३-११ | खोलदेव कनिउर धर्मशाला तथा शौचालय निर्माण | शौचालय निर्माण | ७२०१०५ |
| २ | ३९९।२०८०-०३-१९ | उदय मा.वि. भवन मर्मत | भवन मर्मत | ५७६००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | ९८।२०८०-०१-१३ | गाउपालिका कम्पाउण्ड तथा गेट निर्माण उपभोक्ता समिति | कम्पाउण्ड तथा गेट निर्माण | १९१७२५० |
| ४ | १०।२०८०-०१-१३ | श्री जिम्मेश्वर आधारभुत विद्यालय | राष्ट्रपति शैक्षिक सुधारको भवन | २२००००० |
| ५ | १४।२०८०-०२-१४ | पिपलकोट माध्यामिक विद्यालय | चार कोठे भवन | ३१००००० |
| | | | जम्मा | ८५१३३५५ |

४१.३ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। कार्यालयले उपभोक्ता समितिमार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । PCC को M15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

४१.४ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण

व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिलेआफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन्। यसमा सुधार हुनुपर्दछ।

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | उ.स.लाई भुक्तानी रु. | निर्माण व्यवसायी | निर्माण व्यवसायी बिजक नं.।मिति | निर्माण व्यवसायीको बिजक रकम |
|---|---|---|---|---|---|
| १३५।२०८०-०२-०३ | वडास्तरीय खेल मैदान निर्माण योजना | २८८००० | शिबछाडी निर्माण सेवा | २३।२०७९-१२-२१ | २८५०९९ |
| १७८।२०८०-०२-११ | स्वाल खालिमाई सडक निर्माण योजना | २४०००० | शिवनाथ नागार्जुन कन्स्ट्रक्सन | १२।२०८०-०२-०८ | २३७३०० |
| २१७।२०८०-०२-१७ | शर्मिला जमानफाट सडक निर्माण योजना | ५७६००० | जयबाबा नागार्जुन निर्माण सेवा | ३।२०८०-०२-१७ | ५०९००० |
| २१८।२०८०-०२-१७ | बस्कविट खाल रवेरेनिघाट सडक निर्माण | ७६८००० | जयबाबा नागार्जुन निर्माण सेवा | २।२०८०-०२-१७ | ७००००० |
| २४५।२०८०-०२-२८ | दुवला देखि दहसम्म सडक निर्माण योजना | ४८०००० | एस.बि.निर्माण सेवा | १।२०८०-०२-२२ | ३४९३०८ |
| २९०।२०८०-०३-०४ | खुल्पुरखेल मैदान निर्माण योजना | ४७५२०० | एस.बि.निर्माण सेवा | २।२०८०-०३-०३ | ४५०००० |
| ३१९।२०८०-०३-०८ | ओल्या बसेड्वि सडक निर्माण | ४८०००० | जयबाबा नागार्जुन निर्माण सेवा | ५।२०८०-०३-०७ | ४५०९९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५१।२०८०-०३-१२ | गरालि आमसैनि कुड सडक निर्माण योजना | ६७०१८७ | जयबाबा नागार्जुन निर्माण सेवा | ६।२०८०-०३-०७ | ६५३४५० |
| ४०९।२०८०-०३-१९ | स्वालपला बगार सडक | ५६९००२ | जयबाबा नागार्जुन निर्माण सेवा | ९।२०८०-०३-१९ | ५४०००० |
| ४२८।२०८०-०३-२१ | बछला पचरबेउ पोखरा सडक निर्माण योजना | ३०४९९९ | जयबाबा नागार्जुन निर्माण सेवा | १०।२०८०-०३-१९ | २७०००० |
| ४४२।२०८०-०३-२२ | सुल्लेखान कफाडी सडक निर्माण | ७५१४१९ | शुक्र कमली निर्माण सेवा प्रा.लि. | ०५।२०८०-०३-२० | ९४९९३४ |
| ४६०।२०८०-०३-२४ | गाउँपालिका खेल मैदान फिल्ड मर्मत योजना | १९२०০০০ | एस.बि.निर्माण सेवा | ०४।२०८०-०३-२२ | ८९६६३८ |
| | | | | **जम्मा** | ६२९१७२८ |

४२ **खरिद कारवाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

४३ **उपभोक्ताको काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी

खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसार भएको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ता समितिबाट र अन्य जटिल तथा निर्माण व्यवसायीबाट गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

---

४४ **नाफामूलक संस्थालाई अनुदान —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई खर्च उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापनका लागि रु.३९१२११।- खर्च लेखेको अनियमित देखिएको रु.

| सि.नं. | गो.भौ.नं.।मिति | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|---|
| १ | ३५।२०७९-१०-२३ (गा.पा. पूँजिगत) | शिवनाथ कृषि बहुउदेश्यीय सहकारी संस्था लि. | कार्यालय सामाग्री खरिद | १००००० |
| २ | ३६२।२०८०-०३-१३ (गा.पा. पूँजिगत) | जय लक्ष्मी सहकारी संस्था | कार्यालय सामाग्री खरिद | ४४९८१ |
| ३ | ३८७।२०८०-०३-१८ (गा.पा. पूँजिगत) | शिवनाथ कृषि बहुउदेश्यीय सहकारी संस्था लि. | कार्यालय सामाग्री खरिद | २००००० |
| ४ | ३८८।२०८०-०३-१८ | उदयदेव उपभोक्ता सहकारी संस्था लि. | कार्यालय सामाग्री खरिद | ४६२३० |
| | | | जम्मा | ३९१२११ |

| | | |
|---|---|---|
| | अनियमित भएको | ३,९१,२११ |

४५ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था अनुसार यस आर्थिक बर्षमा २० लाख ७३ हजार खर्च भएको जनाएको छ । पालिकाले कन्टिन्जेन्सीबापत खर्च गरेको जनाए पनि योजनागत खर्च देखिने गरी अभिलेख राखेको छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्बजनिक निर्माणबाट खर्च लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । यसका अतिरिक्त सुपरभाइजरको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार निर्धारण भएको देखिंदैन । अत कन्टिन्जेन्सी खर्च स्पष्ट आधार तथा मापदण्ड बेगर गर्नु मनासिब देखिंदैन ।कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुनुपर्दछ।

४६ **एजविल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन । सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

४७ **कृषि सामाग्री सोझै खरिद** — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, सोभन्दा माथि सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न बस्तु तथा खरिदमा पालिकाले यो वर्ष सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु.१८३२२५१ कृषि समाग्री सोझै खरिद गरेको छ । यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् । यसमा सुधार हुनुपर्दछ ।

| गो भौ नं मिती | सामाग्री कार्य | सप्लार्यस | भुक्तानी रकम |
|---|---|---|---|
| ४२।२०७९-१०-२३ | विभिन्न कृषि सामाग्री | न्यु आशिष एग्रोभेट सेन्टर | ७४५२५१ |

| | | | |
|---|---|---|---|
| ४३।२०७९-१०-२३ | विभिन्न कृषि सामाग्री | आशिष एग्रोभेट सेन्टर | ८७५०० |
| ४४।२०७९-१०-२३ | विभिन्न कृषि सामाग्री | कृषि सहयोग केन्द्र | ९९९५०० |
| ३९०।२०८०-०३-१८ | विभिन्न कृषि सामाग्री | कृषि सहयोग केन्द्र | ११६१०० |
| | | जम्मा | १८३२२५१ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : शिवनाथ गाउँपालिका, बैतडी।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह महता | २०८०-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रघुनाथ अवस्थि | २०७८-७-११ | २०८०-१०-२४ |
| लेखा प्रमुख | देव राज सापकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४७६,८०० | १,६४७,३४१ | १,८००,००० | ० | ० | ४७०,१९४ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ४,३९४,३३५ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रु. | | | | | ६६,८०० |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ४,३२७,५३५ |

स्थानीय तह : शिवनाथ गाउँपालिका, बैतडी।

| गत बर्षको जिम्मेवारी | | ४१७२१४८९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५०२७६५६२ | चालु खर्च | २२०९६३८६० |
| प्रदेश सरकारबाट अनुदान | १०२२२१५८ | पूँजीगत खर्च | १२०८५१३०७ |
| राजश्व बाँडफाँट | ६१८९३५४४ | वित्तीय/अन्य व्यवस्था | १०२७२३२४ |
| आन्तरिक आय | ३०७६१५२.० | | |
| अन्य आय | १५५४३४७६ | | |
| कुल आय | ३४१०११८९२ | कुल खर्च | ३५२०८७४९१ |
| बाँकी मौज्दात | | ३०६४५८९० | |